का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ असार २०८२,
सोमबार
30 June, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक १४८ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com




# दश वर्षपछि ब्रेक थ्रु

संविधानअनुसार २०७४ साल र २०७९ सालमा तीन तहको चुनाव भएर राजनीतिक संघीयता कार्यान्वयनमा छ। तर, संविधान जारी भएको दश वर्षसम्म ब्युरोक्रेसी केन्द्रिकृत संरचनामा छ। केन्द्रिकृत कर्मचारीतन्त्रलाई विकेन्द्रिकृत गर्ने गरी आइतबार प्रतिनिधि सभाबाट निजामती विधेयक पारित भएको हो।



संघीय निजामती सेवा विधेयक नेपालको संविधान २०७२ अनुसार आएको छ । यो ऐनमा रुपान्तरित भएसँगै प्रशासनिक संघीयता कार्यान्वयनमा आउनेछ ।

**राजकुमार गुप्ता**
**मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ असार ।

प्रतिनिधि सभाबाट संघीय निजामती सेवा विधेयक पारित भएको छ । आइतबार बसेको प्रतिनिधि सभाको बैठकमा यो विधेयक बहुमतले पारित भएको हो ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताकाअनुसार निजामती सेवा विधेयक संविधान कार्यान्वयनसँग जोडिएको महत्वपूर्ण विधेयक हो ।

'संघीय निजामती सेवा विधेयक नेपालको संविधान २०७२ अनुसार आएको छ' गुप्ताले विधेयक पारित गर्नु अगाडि सभामै भनेका छन्, 'यो विधेयक ऐनमा रुपान्तरित भएसँगै प्रशासनिक संघीयता कार्यान्वयनमा आउनेछ ।'

मन्त्री गुप्ताले भनेजस्तै यो विधेयक नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुसार कर्मचारी सञ्चालन गर्ने गरी आएको हो । यो विधेयकले केन्द्रिकृत रहेको कर्मचारीतन्त्र (ब्युरोक्रेसी)लाई विकेन्द्रिकृत गर्नेछ ।

राजनीतिकरूपमा संघीयता नेपालमा २०७२ सालमा संविधान जारी भएदेखि नै कार्यान्वयनमा छ । संघीयताअनुसार २०७४ साल पृष्ठ २ मा

## अवकाशलगत्तै नियुक्त खोज्नेलाई झट्का

प्रतिनिधि सभाबाट पारित विधेयकअनुसार निजामती सेवाबाट अवकाश भएकाहरूले संवैधानिक नियुक्ति लिन दुई वर्ष पर्खनुपर्ने हुन्छ । यसलाई कुलिङ पिरियड भन्ने गरिन्छ । कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को सरकारी नियुक्ति नलिने भन्ने व्यवस्था हो । यो विषयमा उच्च पदस्थ पृष्ठ २ मा

# कांग्रेसलाई भ्रातृ संगठन भारी

१५औं महाधिवेशन र त्यसको तयारीका विषय पार्टी बैठकको कार्यसूचीमा राखिएको छैन ।





भ्रातृ संस्थाको महाधिवेशनको विषय अलि जटिल बन्दै गएकाले यो एजेण्डामा विशेष छलफल हुने छ, क्रियाशील सदस्यको विषय पनि उत्तिकै महत्वपूर्ण भएकाले सम्बन्धित जिम्मेवार साथीहरूको प्रतिवेदनका आधारमा निष्कर्षमा पुग्छौं

**मीन विश्वकर्मा**
**सूचना सञ्चार तथा प्रचार विभाग प्रमुख**
**नेपाली कांग्रेस**



निर्देशक समितिसँगको सहकार्यमा सम्बन्धित संगठनका अध्यक्षलाई पार्टी बैठकमा महाधिवेशनको कार्यतालिका पेश गर्नुपर्ने छ, सो कार्यसूचीअनुसार महाधिवेशन गर्न नसके स्वत: विघटन हुनेछ

**प्रतिमा गौतम**
**केन्द्रीय सदस्य**
**नेपाली कांग्रेस**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १५ असार ।

संसदको सबैभन्दा ठूलो लोकतान्त्रिक दल नेपाली कांग्रेसको आजबाट हुने बैठकको मूल विषय नै भ्रातृसंगठनको म्याद थप कि विघटन भन्ने एजेण्डामा केन्द्रित हुने भएको छ। दशकदेखि महाधिवेशन हुन नसकेका नेविसंघ, तरूणदल, महिला संघलगायत भ्रातृसंगठनलाई अन्तिम मौका दिने वा विघटन गर्ने भन्ने विषयमा पार्टीभित्रै चर्को बहस भइरहेको हो।

यो विषय पार्टी बैठकको एउटा महत्वपूर्ण एजेण्डा बनेको कांग्रेस नेताहरूले बताए। यद्यपि बैठकमा अन्य एजेण्डाहरू पनि छन्। लामो समय पश्चात बस्न लागेको केन्द्रीय समितिको बैठक ३ वटा विषयमा केन्द्रित हुने कांग्रेसका सूचना, संचार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए।

उनका अनुसार पहिलो नम्बरमा पार्टी बैठकमा समसामयिक राजनीतिका विषयमा छलफल हुने छ।

त्यस्तै भ्रातृ संस्थाको महाधिवेशनको म्याद थप्ने कि विघटन गर्ने र क्रियाशील सदस्यता नवीकरण तथा नयाँ वितरणको विषयमा व्यापक छलफल हुनेछ । 'केन्द्रीय समिति बैठक यिनै ३ विषयमाथि व्यापक छलफल गरी निष्कर्षमा पुग्ने छ', उनले मध्यान्हसँग भने पृष्ठ २ मा

# धान उत्पादन
# चर्चा धेरै, काम कम



**जानकी पाठक /मध्यान्ह**
काठमाडौं, १५ असार ।

हरेक वर्ष असार १५ गते राष्ट्रिय धान दिवस मनाइन्छ। आइतबार २२ औं राष्ट्रिय धान दिवस 'धान बालीमा खाद्य सुरक्षा र आत्मनिर्भरता' नाराका साथ मनाइएको छ । दिवसका अवसरमा राष्ट्रपतिदेखि मन्त्री र विभिन्न दलका नेताहरू धान रोपेका छन् । नेताहरूले धान रोपको दृश्यले उनीहरू कृषि र कृषक मैत्री रहेको देखाउँछ। तर ती नेताहरू आआफ्नो स्थानमा रहँदा कृषकको समस्याबारे एक शब्द पनि बोल्दैनन् ।

आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति निवास शीतल निवासमा धान रोपाइँ गरे । यस्तै, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, कांग्रेसका नेता कृष्णप्रसाद सिटौला, नेसपा (नयाँ शक्ति) बाबुराम भट्टराईसहितका नेताहरूले धान रोपाइँ गरेको दृश्यलाई प्रशंसाभन्दा आलोचना भएको छ ।

नेताहरू सञ्चार माध्यमको खपतका लागि र कृषकहरूको सहानुभूतिका लागि मात्र तमासा देखाउन रोपाइँ गरेको कतिपयले टिप्पणी गर्छन् ।

अरू बेला अन्यत्रै व्यस्त रहने नेताहरू १४ असारका दिन खेत-खेतमा पुग्छन्। अनि, मञ्चन गर्छन्, धान रोपाइँको नाटक । यसपटक पनि उनीहरूले त्यसै गरे । कृषिसँग जोडिएको धान दिवसको पवित्र सांस्कृतिक साइनोलाई उनीहरू हल्का मनोरञ्जनका रूपमा लिने पृष्ठ २ मा

# शिक्षा विधेयक : इसिडीमा जुटेन सहमति



छलफल सकारात्मक छ । केही दिनमै विद्यालय शिक्षा विधेयक समितिबाट पास भएर अगाडि बढ्छ ।

**अम्मरबहादुर थापा**
**सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ असार ।

असार १५ गतेभित्र विद्यालय शिक्षा विधेयक ल्याउने प्रतिबद्धता पूरा गर्न सरकार असफल भएको छ । संसदीय समितिबाट विधेयक पास गरेर आइतबार नै प्रतिनिधि सभामा पेस गर्ने दिनभरको प्रयास सफल हुन सकेन ।

प्रतिनिधि सभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापा असार १५ गतेको समयसीमा घर्किन पुगेको बताउँछन् । उनी भन्छन्, 'तर, छलफल सकारात्मक छ । केही दिनमै विद्यालय शिक्षा विधेयक समितिबाट पास भएर अगाडि बढ्छ ।'

सरकारले गत वैशाख १७ गते नेपाल शिक्षक महासंघसँग असार १५ गतेभित्र प्रतिनिधि सभाबाट विधेयक पारित गर्ने गरी सम्झौता गरेको थियो । तर, आइतबार विधेयकमाथिको छलफल सकिएन । योसँगै विधेयक पारित गर्ने सरकारको प्रतिबद्धता सफल हुन नसकेको हो । तथापि, विषयवस्तुमाथिको छलफल पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# श्रम स्वीकृतिमा विभागको नयाँ रेकर्ड, प्रविधिको प्रयोगले गुनासो घट्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार ।

वैदेशिक रोजगार विभागबाट चालु आर्थिक वर्षको हालसम्म पौने ८ लाख नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागका निर्देशक उपेन्द्रराज पौड्यालका अनुसार आइतबारसम्म ७ लाख ७८ हजार ३७८ जनाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका छन्। यो संख्या वार्षिकरूपमा हालसम्मकै धेरै हो।

गत आर्थिक वर्ष २०८०/०८१ मा ७ लाख ४१ हजार ३९७ जनाले श्रम स्वीकृति लिएका थिए भने आर्थिक वर्ष २०७९/०८० मा ७ लाख ७१ हजारले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए ।

निर्देशक पौड्यालले नेपाल सरकारले लिएको 'समृद्ध नेपाल सुखी नेपाली' भन्ने नारालाई मूर्त रूप दिन हाल वैदेशिक रोजगार विभागबाट प्रदान गरिने सेवा पूर्णरूपमा प्रविधिमैत्री बनाएर सकेसम्म छिटो सेवा प्रदान गरिएको बताए। हाल विभागले कानुनको रित पुगेको अवस्थामा निवेदन दिएकै दिन श्रम स्वीकृति दिने काम प्रभावकारी भएको बताएको छ। संस्थागततर्फ १११ देश खुला पृष्ठ २ मा

## जाजरकोटका अग्नी पीडितहरूलाई संघको सहयोग



**काठमाडौं/मस–** रितादेवी जनएकता फाउन्डेसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जाजरकोटका अग्नी पीडितहरूलाई पठाएको करिब २ लाख रुपैयाँको सहयोग वितरण गरेको छ। संघका अध्यक्ष भुवनसिंह गुरुङले संघले पठाएको रकमबाट खाद्यान्न, त्रिपाल, पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपालका सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरूको साझा हित, अधिकार र सम्मानको रक्षाका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ सदैव प्रतिबद्ध छ। सीमित व्यक्तिहरूले मलेसियाको रोजगारी आफ्नो नियन्त्रणमा लिन खोज्ने कुनै किसिमको सिन्डिकेट वा एकाधिकार प्रवृत्ति कुनै पनि हालतमा संघलाई स्वीकार्य छैन र त्यस्ता प्रयासहरू विफल बनाउन कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धतासमेत आम व्यवसायीहरूमाझ राख्न चाहन्छौं ।

नेपालको संविधान २०७२ को धारा १७ को उपधारा २(च) मा नेपाली नागरिकले आफ्नो औद्योगिक व्यावसायिक तथा व्यापारिक क्रियाकलाप निर्वाध रूपमा गर्न पाउने विषय उल्लेख गरिएको छ। साथै प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार सुरक्षा ऐन २०६३ को भाग २ मा प्रतिस्पर्धालाई संकुचित गर्ने कुनै पनि व्यावसायिक क्रियाकलाप गर्न नपाउने व्यवस्था रहेको छ। यस सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०८१/११/१९ र २०८२/२/११ मा दुई पटक र संघबाट समेत मिति २०८२/२/११ गते विज्ञप्ति जारी गरिएको छ। संघका प्रतिनिधि र नेपालस्थित मलेसियन राजदूतावासका प्रतिनिधिबीच भएको भेटवार्ताअनुसार मलेसियन सरकार पनि सिन्डिकेटको विपक्षमा रहेको हुँदा कुनै पनि हालतमा सिन्डिकेट लागू हुन नसक्ने र स्वीकार्य पनि नहुने भएकाले हाल केही व्यवसायविरोधी कुतत्वहरूले व्यवसायीलाई भ्रम सिर्जना गरी सिन्डिकेटको हल्ला फिजाएको भन्ने सुन्नमा आएकाले यस्ता हल्लाको पछि नलाग्नुहुन आम व्यवसायीज्यूहरूलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघ यसै विज्ञप्तिमार्फत आग्रह गर्दछ।

भुवनसिंह गुरुङ
अध्यक्ष
एवम्
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ परिवार
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

HOPE International

URGENT VACANCY

★ Counsellor & Marketing Office - 2 (F) (Salary + Incentives)
- Applicant should be able to shortlist, communicate and follow up with candidates on a regular basis. Connecting candidates with the right jobs and helping them apply.
- Applicants should be able to use all social media applications to connect with candidates and guide them.

★ Documentation Assistant - 3 (M/F) (Salary + Incentives)
- At least 2 years of experience in overseas recruitment agencies or other industry.
- Excellent knowledge of MS Office, Excel, PPT and Photoshop.

★ Public Relation Officer (PRO)- 5(M/F) (Salary + Incentives)
- At least 2 years of experience in local overseas recruitment with excellent souring network within all provinces of Nepal and familiar with all skilled, semi-skilled and unskilled categories of work force.

SEND YOUR CV: info@hopeinternational.com.np

Hope International Hotline :
9818943149
Chakrapath, Kathmandu
(Opposite of Chakrapath Bhatbhatini)
Scan for Location
www.hopeinternational.com.np
01-4002139 | 01-4002151

मध्यान्ह
www.madhyanhadaily.com
१६ असार २०८२ सोमबार
30 June 2025, Monday

# कृषि उत्पादन वृद्धि गर्न वैज्ञानिक विधिको प्रयोग आवश्यक : मन्त्री अधिकारी

**काठमाडौं/मस–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले धान उत्पादन वृद्धि गर्न वैज्ञानिक विधिको प्रयोग गर्नुपर्ने बताएका छन् ।

कृषि विभागले आयोजना गरेको २२औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा मन्त्री अधिकारीले मुलुकमा दिगो र समृद्ध अर्थतन्त्र निर्माण गर्न कृषि उत्पादन वृद्धि गर्नुपर्ने बताए । कृषिमा आधुनिकीकरण आवश्यक रहेको उल्लेख गर्दै उहाँले कृषि पेसालाई थप व्यवस्थित र मर्यादित बनाउन सरकारले कृषक कल्याणका विविध कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले खाद्य सुरक्षामा किसानलाई जागरूक बनाउन उनीहरूको जीवनस्तर सुधार गर्नुपर्ने त्यसका



लागि कृषि क्षेत्रमा सुधार आवश्यक रहेको बताए । उनले धान बालीको उत्पादनमा सुधार ल्याइ खाद्य सुरक्षामा योगदान पुऱ्याउनुपर्नेमा जोड दिँदै, जलवायु अनुकूल प्रजातिको प्रवर्द्धन गर्नुपर्ने बताए ।

कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रलगायत संस्थाको समन्वयमा भएको महोत्सवमा धानसम्बन्धी प्रदर्शनी, जानकारीमूलक कार्यक्रम, पोस्टर, सन्देशलगायतका सामग्री प्रकाशित र प्रसारण गरिएका थिए ।

प्रत्येक वर्ष असार १५ गते विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाउने गरेको विभागले 'धान बालीमा सघनता: खाद्य सुरक्षा र आत्मनिर्भरता' भन्ने नारा तय गरेको छ ।

# वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन भइरहेको ढिलाइप्रति ध्यानाकर्षण

**काठमाडौं/मस–** राष्ट्रिय सभाको आइतबारको बैठकमा सांसदहरूले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन भइरहेको ढिलाइप्रति सरकारको ध्यानाकर्षण गराएका छन् ।

बैठकको शून्य समयमा नेकपा एमालेकी इन्दिरादेवी गौतमले वैदेशिक रोजगारीका नाममा भइरहेको ठगी रोक्न सरकारको ध्यानाकर्षण गराए । 'वैदेशिक रोजगारीका क्रममा दुर्घटना हुँदा उपचार र क्षतिपूर्ति नपाउने, शव ल्याउन हुने ढिलाइले पीडितका परिवारले थप पीडा



व्यहोरिरहेका छन् । वैदेशिक रोजगारीमा गएका नेपालीको सुरक्षामा लाग्न सरकारको ध्यान जाओस्,' उनले भने ।

# देवाही गोनाहीमा लैंगिक समानतासम्बन्धी तालिम सम्पन्न



**रौतहट/मस–**रौतहटको देवाही गोनाही नगरपालिकामा लैंगिक समानता प्रवर्द्धन तथा लैंगिक हिंसाविरुद्ध सचेतना अभिवृद्धि गर्ने उद्देश्यले दुई दिने तालिम सम्पन्न गरिएको छ ।

देवाही गोनाही नगरपालिका-९ को आयोजना, नगरपालिकाको सहयोग तथा सौगात नेपाल संस्थाको समन्वयमा भएको तालिममा करिब ५० जना महिलाहरूको सक्रिय सहभागिता रहेको थियो । प्रेमपुर गोनाहीस्थित मधेश संग्रहालयमा आयोजना गरिएको तालिम वडा अध्यक्ष वीर बहादुर साहको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

उद्घाटन सत्रमा बोल्दै वडा अध्यक्ष साहले गाउँघरमा हुने विविध प्रकारका लैंगिक हिंसाबारे प्रकाश पार्दै यस्ता तालिमहरूले दीर्घकालीन रूपमा सकारात्मक सामाजिक रूपान्तरणमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

तालिममा प्रशिक्षकहरूले महिला, पुरुष, बालबालिका तथा वृद्धहरूमा हुने दुर्व्यवहार र हिंसाका स्वरूप, तिनको सामाजिक असर र न्यूनीकरणका उपायबारे जानकारी दिए । लैंगिक विभेद अन्त्य, समान अवसरको सुनिश्चितता र समुदायमा सकारात्मक सोच विकासका लागि आवश्यक रणनीतिबारे पनि छलफल गरिएको थियो । कार्यक्रमको समापनमा सौगात नेपालका प्रमुख सुरेन्द्र पासवानले तालिममा सहभागी कर्मचारी, सञ्चारकर्मी र स्थानीयलाई गम्छा ओढाएर सम्मान गरेका थिए । सञ्चालकहरूले यस्ता तालिमले महिलामा आत्मविश्वास बढाउने र समुदायमा लैङ्गिक न्यायको भावना बलियो बनाउने अपेक्षा व्यक्त गरेका छन् ।

## दश...

र २०७९ सालमा चुनाव भएर जनप्रतिनिधि आए । तीन तहको सरकार बनेर शासन सत्ता सञ्चालन भइराखेको छ । तर, संविधान जारी भएको दश वर्षसम्म कर्मचारीतन्त्र केन्द्रिकृत छ । कर्मचारीतन्त्रलाई विकेन्द्रिकृत गर्ने निजामती विधेयक प्रतिनिधि सभाबाट पारित हुनुलाई सरोकारवालाहरू ब्रेक थ्रुका रुपमा अर्थ्याउँछन् ।

प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा अनेकन अवरोध, प्रभाव र दबाबका बाबजुद निजामती विधेयक अगाडि बढाउन सकिएको बताउँछन् ।

'आजको दिन नेपालको सन्दर्भमा ऐतिहासिक छ । लामो समयदेखिको ब्युरोक्रेसीलाई संविधानअनुसार अगाडि बढाउने एउटा कदम सफल भएको छ,' उनी भन्छन्, 'दश वर्षसम्म छलफलमै रहेको विषय अगाडि बढेको छ । यो एउटा ब्रेक थ्रु हो । अब भन्न सकिन्छ- प्रशासनिक संघीयता कार्यान्वयनमा आयो ।'

नेताहरूले भने जस्तै निजामती सेवा विधेयक संघीयता कार्यान्वयन गर्नेसँग जोडिएको विधेयक हो । यसले तीन तहको अधिकार र क्षेत्राधिकार तय गरेको छ ।

विधेयकको प्रतिवेदनअनुसार प्रमुख प्रदेश सचिव संघीय सेवाको हुनेछ । तीन तहको सरकारका बीचमा समन्वय गर्नका लागि यो प्रावधान राखिएको हो ।

प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको हुनेछ । तर, प्रदेशमा प्रदेश सचिव तयार नहुँदासम्म संघबाट १० वर्षसम्म खटाउन सकिने प्रावधानसहित विधेयक अगाडि बढेको छ । अर्थात, प्रदेशले कर्मचारी लिने र परिचलान गर्ने गरी वैधानिक अधिकार यो विधेयक ऐनमा रुपान्तरित भएपछि प्रदेश सरकारले प्राप्त गर्नेछन् ।

## अवकाशलगत्तै...

कर्मचारीहरूले असन्तुष्टि जनाउँदै आएका थिए । तर, आइतबार प्रतिनिधि सभाबाट पारित विधेयकमा दुई वर्ष कुलिङ पिरियड रहने प्रावधान छ । प्रतिनिधि सभाबाट पारित यो विधेयक अब राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभाले पनि पारित गरेपछि पुनः प्रतिनिधि सभामा आउँछ । त्यसपछि सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनमा रुपान्तरित भएर कार्यान्वयनमा आउँछ ।

विधेयक ऐनमा रुपान्तरित भएपछि हाल रहेको अभ्यासमा समेत केही फेरबदल हुनेछ । विधेयकअनुसार निजामती सेवामा उपसचिवसम्म मात्रै खुला प्रवेश रहने छ । हाल सहसचिवसम्म खुला प्रवेश रहने प्रावधान छ ।

निजामती सेवा प्रवेशका लागि अधिकतम उमेर पुरुषको हकमा ३५ र महिलाको हकमा ३९ वर्ष कायम हुनेछ ।

निजामती सेवामा अवकाशको उमेर ६० वर्ष हुने भएको छ । हाल ५८ वर्ष रहेको छ । विधेयक पारित भएको आर्थिक वर्षसम्म ५८ वर्षकै प्रावधान लागू हुनेछ । त्यसपछिको आर्थिक वर्ष ५९ र अर्को आर्थिक वर्षमा ६० वर्ष लागू हुनेगरी विधेयकमा व्यवस्था मिलाइएको छ ।

## कांग्रेसलाई...

'भ्रातृ संस्थाको महाधिवेशनको विषय अलि जटिल बन्दै गएकाले यो एजेण्डामा विशेष छलफल हुने देखिन्छ । पार्टीको क्रियाशील सदस्याको विषय पनि उत्तिकै महत्वपूर्ण भएकाले सम्बन्धित विषयका जिम्मेवार साथीहरूको प्रगति प्रतिवेदनका आधारमा छलफल गरेर निष्कर्षमा पुग्छौं ।'

प्रत्येक २ महिनामा केन्द्रीय समितिको बैठक बस्ने निर्णय गरेको कांग्रेसले १० महिना पछि बैठक बोलाएको छ । बैठकमा महाधिवेशन हुन नसकेका पार्टीका भ्रातृ संगठनको समयतालिका माग देखि सरकारको समीक्षा गर्ने विषयले समेत प्राथमिकता पाउने नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले बताए । गत भदौबाट नियमित बैठक गर्न नसकेको कांग्रेसले पार्टीको १५औं महाधिवेशन र त्यसको तयारीका विषय समेत उठाउने नेताहरूको तयारी छ । तर, पार्टी बैठकको कार्यसूचीमा ती विषयलाई राखिएको छैन् ।

महाधिवेशन नभएका भ्रातृ संगठनहरूको विघटन गर्ने वा म्याद थप गर्ने, वर्तमान समसामयिक राजनीति, पार्टीको क्रियाशील सदस्यता नवीकरण, सरकारको समीक्षा लगायत विषयमा छलफल हुने महतले जानकारी दिए । 'भ्रातृ संस्थाको म्याद थप्ने कि विघटन गरेर जाने भन्ने विषयमा सम्बन्धित संगठनका निर्देशक समितिको प्रतिवेदका आधारमा छलफल हुन्छ', उनले मध्यान्हसँग भने 'उनिहरूले महाधिवेशनका सन्दर्भमा गरेको तयारीको प्रगति अनुसार अघि बढ्ने कुरा छ । त्यस्तै क्रियाशील सदस्यता, प्रदेश र संघीय सरकारको समिक्षा समेत हुन्छ, मन्त्रीहरूले प्रतिवेदन पेश गर्नुहुन्छ ।'

नेकपा एमालेको नेतृत्वमा बनेको वर्तमान सरकारलाई कांग्रेसको मुख्य सहयोग छ । २ दलबीच भएको ७ बुँदे सहमतिअनुसार सरकार गठन भएको १ वर्ष पुगेपनि सहमतिअनुसार काम नभएको कांग्रेसका नेताहरूले टिप्पणी गर्दै आएका छन् । यो विषयले समेत पार्टी बैठकमा प्रवेश पाउने छ । कांग्रेस संस्थापन इतर समूहका नेताहरूले वर्तमान सरकारको कार्यशैली र मन्त्रीहरूको काम प्रति असन्तुष्ट छन् ।

वरिष्ठ नेता डा. शेखर कोइरालाले सुरुदेखि नै ओली सरकारको कार्यशैलीको तीव्र आलोचना गर्दै आएका छन् भने संस्थापन पक्ष र मन्त्री भएकाहरूले मात्रै सरकारको बचाउ गर्दै आएका छन् । संविधान संशोधन, सेवाप्रवाह र सुशासनका सन्दर्भमा नागरिकको विश्वास दिलाउन नसकेकाले पार्टी सत्तामा भएपनि सरकारमा भएको महसुस गर्न नसकिएको नेता कोइरालाको जिकिर छ । सोमबारबाट हुन केन्द्रीय समितिको बैठकमा पार्टीबाट सरकारमा गएका मन्त्रीहरूको प्रगति प्रतिवेदन सुनेर कसरी अघि बढ्ने भन्ने विषयमा संस्थापन इतर समूहका नेताहरूले आन्तरिक छलफलमा छन् ।

महाधिवेशनको जिम्मेवारी दिएर बनाईएका नेविसंघ, तरूण दल, महिला संघसहित भ्रातृ संगठनको पूर्नगठन गरी महाधिवेशन गर्न सक्ने गरी नयाँ समिति बनाउनु पर्ने संस्थापन इतर समूहका नेताहरूको माग छ । यही विषयमा पार्टीको बैठक केन्द्रित हुने केन्द्रीय सदस्य प्रतिमा गौमको भनाई छ । भ्रातृ संगठनको महाधिवेशन सहजीकरणका लागि बनाईएका निर्देशक समिति र सम्बन्धित संगठनका अध्यक्षसँगको समन्वयमा महाधिवेशन कार्यतालिका पेश गर्नुपर्ने उनले बताईन ।

'निर्देशक समितिलाई महाधिवेशनको कार्यसूची माग गरेको छ', गौतमले भनिन् 'निर्देशक समितिसँग सहकार्य गरेर सम्बन्धित संगठनका अध्यक्षलाई महाधिवेशन कार्यतालिका पेश गर्न पार्टीले निर्देशन दिएको छ । पार्टीको यही बैठकमा पेश गरेको कार्यतालिकाअनुसार महाधिवेशन गर्न नसके स्वतः विघटन हुनेगरी बैठकमा छलफलको एजेण्डा बन्ने छ ।'

पार्टीको मेरुदण्डका रूपमा रहेका भ्रातृ संगठनको महाधिवेशन समयमै नहुँदा पार्टीलाई बलियो बनाउन र युवा, विद्यार्थी, महिला, तरूणलाई ऊर्जा थप्न नसकेको र पार्टीमा नवप्रवेशीहरूको आकर्षण समेत घट्दै गएको छ । भ्रातृ संगठनका नेताहरूले समेत अहिलेको नेतृत्व र समितिले महाधिवेशन गर्न सक्ने सम्भावना कम देखिएकाले यसको औचित्यतामाथि प्रश्न उठेको बताउन थालेका छन् ।

नेपाल तरूण दलका केन्द्रीय सदस्य दिनेश राईले तरूण दलको वर्तमान केन्द्रीय समितिले महाधिवेशन गर्न नसक्ने भन्दै विघटन गर्नु पर्ने संकेत गरे । 'यति लामो समयसम्म महाधिवेशन गराउन नसकेपछि समतिको औचित्य छैन भन्ने धेरै साथीहरूको निष्कर्ष छ', उनले मध्यान्हसँग भने 'पार्टी सभापतिलाई समेत सोही अनुसार ब्रिफिङ गरेका छौं । मैले निकै ठूलो आशा भरोसासहित यो समितिलाई साथ दिएको तर, महाधिवेशन गर्ने कुरामा संगठनको नेतृत्व नै नलागेकाले यो समितिबाट आशा टुट्न थालेको छ ।'

पार्टीको मूल नेतृत्व भ्रातृ संगठनमा आफू अनुकूल बनाउन सकिन्छ कि सकिँदैन भनेर पर्खेका कारण यो अवस्था आएको नेताहरूका टिप्पणी छ । नेपाल विद्यार्थी संघ, नेपाल तरुण दल, नेपाल महिला संघ, नेपाल दलित संघ, नेपाल लोकतान्त्रिक खेलकुद संघ, आदिवासी जनजाति संघ, तामाङ संघ, ठाकुर समाज, भूतपूर्व सैनिक संघलगायत भ्रातृ संगठनहरूको महाधिवेशन हुन सकेको छैन् ।

**अधिवेशन माग्दै अनशन !**

पार्टी केन्द्रीय समिति बैठक बस्नु एक दिन अघिदेखि पार्टी कार्यालय सानेपामा तरुण दलका असन्तुष्ट समूहले आमरण अनशन सुरु गरेको छ । विद्वान गुरुङको नेतृत्वमा रहेको तदर्थ समिति भंगको माग गर्दै आइतबारदेखि आमरण अनशन सुरु गरिएको तरूण दलका नेताहरूले बताए । यो विषयमा पार्टीले गम्भीर समिक्षा गरेर केन्द्रीय समितिको बैठकले उचित निर्णय लिने पार्टी नेताहरूको आश्वासन छ ।

केन्द्रीय कार्यालयको मूल गेटमा केन्द्रीय सदस्यहरू रोजन राई र अम्बिका बाँस्कोटाले आमरण अनशन थालेका छन् । असन्तुष्ट पक्षले वर्तमान समिति भंग गर्नका लागि ६ बुँदे कारण देखाएको छ । सबै तहको निर्वाचन सकिएको ३ महिना हुँदै गत चैत मसान्तसम्मको अवधिसम्म महाधिवशेन गर्न नसकेको नेतृत्व नै असक्षम रहेको अम्बिका बाँस्कोटाले बताईन् ।

अध्यक्ष गुरुङले तरुण दलको भवन आफूखुसी भत्काएको, गणेशमान सिंह प्रतिष्ठान भवन निर्माणका लागि छुट्याइएको बजेटको गलत प्रचार गरेको लगायतका कारण समेत देखाइएको छ । तर संस्थापन इतर समुहकै एक केन्द्रीय सदस्य दिनेश राईले अनसन गरेर मात्रै समस्या समाधान नहुने भएकाले वर्तमान समिति नै विघटन गरेर नयाँ समिति बनाउनुपर्ने बताएका छन् । वर्षौंदेखि तदर्थवादको सिकारले 'कोमा'मा पुगेका भ्रातृ संगठनहरूको महाधिवेशन अझै पनि नेताहरूकै कारणले रोकिँदै आएको कतिपय नेताहरूले बताउँछन् ।

## धान...

गरेका छन् । ३६४ दिन किसानलाई वास्ता नगर्ने नेताहरू एक दिन किसान नै जस्ता बनेर हिलोमा डुब्छन् ।कृषिप्रधान देशमा किसान सर्वाधिक उपेक्षित छन् । बेलामा मल पाउँदैनन् । सिँचाइ अभाव व्याप्त छ । उन्नत बीउ खेतसम्म पुग्दैन ।

नेताहरूले रोपाइँ गरेको दृश्य सामाजिक सञ्जालमा आइतबार भाइरल भए । सर्वसाधारणले तिनमा कडा टिप्पणी गरिरहेका छन् । कतै घाँटीमा धानको बीउको लामो-लामो माला लगाए । कतै बाजा गाजा बजाइयो । कतै बाउसे बनेर, कतै हलो जोतेर । कतै खेतमै पसेर रोपाहारसँग हिलो छ्याप्दै ठट्टा गर्दै धान रोपाइँ गरेर । कृषिप्रधान देशमा कृषिबारे संघीय संसद् र प्रदेशसभालगायत स्थानमा भरपर्दो लबिङ नगने प्रवृत्तिका कारण नेपालीले आयात गरिएको चामलको भात खानुपर्ने अवस्थामा पुगेका छन् ।

**११ महिनामा ३९ अर्बको चामल आयात**

कृषिमा उचित लगानी नगरिएका कारण चालु वर्षको पछिल्लो ११ महिनामा ३९ अर्बको चामल भारतलगायत तेस्रो मुलुकबाट आयात भइसकेको छ । गत वर्ष २४ अर्बको चामल आयात भएको थियो । कृषिप्रधान देशको उपमा पाएको देशमा सरकारको द्वैध चरित्रका कारण कृषिमा परनिर्भरता बढ्दै गएको छ ।

भन्सार विभागको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को जेठ मसान्त सम्ममा धान/चामल आयातमा मात्रै ३८ अर्ब ९४ करोड़ रुपैयाँ विदेशिएको हो ।

कुल धान खेती हुने क्षेत्रफल १५ लाख ५२ हजार हेक्टरमध्ये १८ प्रतिशतमा मात्रै १२ महिना सिँचाइ सुविधा उपलब्ध छ । त्यो पनि जहाँ बढी धानको क्षेत्रफल छ, त्यहाँ सिँचाइ सुविधा पर्याप्त छैन ।

नेपालमा उपभोग हुने कुल खाद्य कृषि बालीमध्ये धानले करिब ८० प्रतिशत हिस्सा ओगटेको छ । जुन नेपालको मुख्य खाद्यबाली हो । १४ असारसम्म १५.६ प्रतिशत धान रोपाइँ भएको छ ।

सरकारले धानको उत्पादन र उत्पादकत्व बढाउन दाबी गरेपनि प्रतिफल देखिएको छैन । जसकाकारण धान-चामल आयातको तथ्यांक डरलाग्दो छ । चालु आर्थिक वर्षको ११ महिनामा झण्डै ३९ अर्ब रुपैयाँको धानचामल आयात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ । यो अवधिमा २६ करोड १९ लाख १९ हजार किलो धान आयात भएको छ ।

नेपालमा वार्षिक करिब ७० लाख मेट्रिक टन धानको माग छ । यसमध्ये १० लाख मेट्रिक टन धान अपुग हुन्छ । वार्षिक १२ देखि १५ लाख मेट्रिक टन बराबरको धानचामल नेपालमा आयात हुने गरेको तथ्यांक छ ।

विशेषगरि चालममा बढ़ी निर्भरता, त्यसमध्ये पनि नेपालमा कम उत्पादन हुने मसिना तथा वासनादार चामलमा उपभोक्ताको बढ़ी रोजाइ, छिमेकी मुलुक भारतले धान निर्यातमा लिने नीतिगत व्यवस्था लगायतका कारण उत्पादन वृद्धि हुँदाहुँदै पनि धान/चामलको आयात अपेक्षाकृत कम हुन नसकेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

सरकारले आव २०८२/८३ को बजेट बक्तव्यमा मार्फत मुलुकलाई आगामी २ वर्षमा धानमा आत्मनिर्भर बनाउने घोषणा गरेको छ । 'आगामी वर्षहरूमा धानको उत्पादन र उत्पादकत्व वृद्धिको लागि प्राथमिकताका साथ विशेषगरी चैते धानमा क्षेत्रफल विस्तार र वर्षे धानमा उत्पादकत्व वृद्धिका कार्यक्रमहरू तीनै तहका सरकारमार्फत गरिने छ', कृषि विभागका महानिर्देशक प्रकाश कुमार सञ्जेलले बताए ।

कुनै समय नेपालले धान र चामल निर्यात गर्ने नेपाल परनिर्भर बन्दै गएको छ । नेपालले २०५० सालसम्म धान तथा चामल निर्यात गर्ने गरेको थियो । नेपालमा उत्पादित धान र चामल आन्तरिक उपभोगमा बढी भएका कारण निर्यात हुन्थ्यो । तर अहिले निर्यातभन्दा आयात हुन थालेको छ ।

अहिले धान चामलमा देखिएको परनिर्भरता हटाउन सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन । तैपनी परनिर्भरता हटाउने कार्यक्रम बजेटमा राख्न भने छाडिएको छैन ।

## शिक्षा...

निष्कर्षउन्मुख रहेको समितिका सभापति थापा बताउँछन् । उनकाअनुसार अधिकांश विषयमा सहमति जुटेको छ ।

कम्पनी कानुनअन्तर्गत विद्यालय स्थापना र सञ्चालनको निम्ति बाटो खुला राख्ने विषयमा दलहरू सहमत भएका छन् ।

निजी लगानीमा स्थापना भएका विद्यालयले सार्वजनिक शैक्षिक गुठीमा जान चाहे जग्गा रजिष्ट्रेसन शुल्क, विद्यालय प्रयोजनका लागि सवारी साधन आयात गर्दा लाग्ने भन्सार महसुल, शैक्षिक तथा प्रयोगशाला सामग्री आयात गर्दा लाग्ने भन्सार महसुल र अन्य छुट दिने सरकारी प्रस्तावमा सहमति जुटेको छ ।

विधेयकमा कक्षा १ मा भर्ना हुनुअघि बालबालिकाले दुई वर्षको प्रारम्भिक बाल विकास (इसिडी) शिक्षा लिनुपर्ने विषयमा पनि सहमति जुटेको छ । हाल सरकारले १ वर्षे कार्यक्रमका रूपमा इसिडी सञ्चालन गर्दै आएको छ । सहमतिअनुसार ऐन बनेपनि दुई वर्षको प्रारम्भिक बाल विकास हुनेछ ।

कक्षा १ देखि कक्षा ८ सम्मलाई मात्र आधारभूत शिक्षा मानेर जान पनि दलहरू सहमत भएका छन् ।

संसदीय समितिले माध्यमिक शिक्षा परीक्षा (एसईई) प्रदेशअन्तर्गत सञ्चालन गर्ने विषयमा सहमति जुटाएको छ । समितिकाअनुसार कक्षा १० पास गरेपछि प्रदेशले यस्तो परीक्षा लिनेछ ।

शिक्षकको आवधिक बढुवाको विषयमा पनि सहमति जुटेको छ । सहमतिअनुसार तृतीय श्रेणीको पदमा १० वर्ष र द्वितीय श्रेणीको पदमा १२ वर्ष सेवा अवधि पूरा गरेपछि शिक्षकहरू आवधिक बढुवाका लागि योग्य हुनेछन् ।

समितिमा जुटेका सहमतिअनुसार शिक्षकलाई पाँच वर्षमा पुनर्ताजगी तालिम दिइने, लाइसेन्स अनिवार्य गरिने भएको छ । २०७५ साल चैत मसान्तअघि नियुक्ति भएका कुनै शिक्षकको अवकास हुँदा पेन्सन हुने अवधि नपुगे उसले अस्थायी सेवामा गरेको सेवा अवधिबाट गणना गर्ने प्रावधानमा सहमति जुटेको छ ।

प्रदेशको समेत शिक्षासम्बन्धी काम गर्ने गरी प्रत्येक जिल्लामा समन्वय इकाइ राख्ने विषयमा छलफल चलिरहको छ । विद्यालय गाभ्ने निर्णय कार्यान्वयन नगरे स्थानीय तहको अनुदान कटौती हुने प्रावधानमा पनि छलफल चलिरहेको छ । यसका अलावा इसिडी पढाउने बाल विकास सहजकर्ताहरूलाई शिक्षक मान्ने कि नमान्ने भन्ने विषयमा पनि सहमति जुटेको छैन । यसकारण सरकार असार १५ मा विद्यालय शिक्षा विधयक पास गर्ने प्रतिबद्धतामा चुक्न पुगेको हो ।

## श्रम...

गरिएकोमा १०३ देशमा र व्यक्तिगततर्फ १८५ देश खुला गरिएकोमा विभागले हाल १७४ वटा देशमा श्रम स्वीकृति दिने गरेको छ ।

म्यानपावर कम्पनीले पूर्व श्रम स्वीकृतिका लागि अनलाइन एप्लाइ गरेकै दिन कार्यालय समयभित्रै पूर्व श्रम स्वीकृति पाउने गरेको पनि निर्देशक पौड्यालले जानकारी दिए । विभागको आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गरी कर्मचारीहरूलाई कार्यालय समयभित्र सोही दिनको कार्य फछ्र्यौट गर्नुपर्ने प्रणालीको विकास गरिएका कारण सेवा प्रवाहमा सहज भएको हो ।

विभागले श्रम स्वीकृतिको सेवा प्रवाहमा सुधारका साथै वैदेशिक रोजगारीको नाममा ठगीमा परेकाहरूलाई क्षतिपूर्ति दिलाउन उच्च प्राथमिकताका साथ पहल गरेको छ । तर विभागमा व्यक्तिगत ठगीका उजुरी अस्वभाविकरूपमा बढेका छन् । उजुरी बढेका कारण म्याद थप र मुद्दा अभियोजनको काममा जनशक्तिको कमी देखिएको छ । ठगीको संख्यामा भएको वृद्धिले प्रहरीले नियन्त्रणमा लिएका थुनुवाहरूलाई वैदेशिक रोजगार न्यायाधिकरणमा लान र ल्याउन सवारी साधनको समेत अभाव भएको छ । विभागले अर्थ मन्त्रालयसँग समन्वय गरी डेडिकेटेड सवारी साधनको व्यवस्था मिलाएर विभागको मुद्दा शाखालाई आधुनिक पूर्वाधारयुक्त बनाइ उजुरी गुनासो सम्बोधन गर्न सबै राजपत्रांकित अधिकृतहरूलाई अनुसन्धान अधिकृत तोकी मुद्दा फछ्र्यौट कार्यमा तीव्रता दिएको विभागको भनाइ छ ।

निर्देशक पौड्यालका अनुसार वैदेशिक रोजगार ठगी नियन्त्रण गर्न र छिटो छरितो राहत उद्धार एवं गुनासो सम्बोधन गर्न टोली निर्माण गरी टोली परिचालन गरिएको छ भने विभागलाई बिचौलिया निषेधित क्षेत्र घोषणा गरिएको छ ।

विभागले इजरायल र ईपीएस कोरिया शाखाको कामको निरन्तर अनुगमन गरी नतिजा देखिने गरी कार्य सम्पादनमा जोड दिएको छ । विभागका महानिर्देशकमा कमलप्रसाद भट्टराईले महानिर्देशक नियुक्तिपछिको पहिलो पत्रकार सम्मेलनमा छिटो छरितो शैलीमा सेवा प्रवाह गरेर विभागलाई आधुनिक सरकारी कार्यालयको उदाहरण बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । निर्देशक पौड्यालले सोही स्पिरिटमा काम भइरहेको जानकारी दिए ।

## जाजरकोटका...

भाँडाकुँडासहित आगलागी पीडितहरूलाई अत्यावश्यक सामग्री खरिद गरेर वितरण गरिएको जानकारी संघलाई प्राप्त भएको मध्यान्ह दैनिकलाई बताए ।

करिब दुई हप्ताअघि संघमा आयोजना गरिएको संक्षिप्त कार्यक्रममा संघका तर्फबाट अध्यक्ष गुरुङले रितादेवी जनएकता फाउन्डेसनकी अध्यक्ष रिता शाहीलाई १ लाख ७६ हजार ५४५ रुपैयाँको चेक हस्तान्तरण गरेका थिए । अध्यक्ष गुरुङले उक्त संस्थाले संघको आग्रहअनुसार अग्नी पीडितहरूलाई राहत वितरण गरिएको बताए ।

गत जेठ २४ गते बुढीगंगा नगरपालिका-६ साफे मार्तडी सडकखण्डमा पर्ने बाम्का बजारमा आगलागी हुँदा ४० घर परिवार विस्थापित भएको थियो भने आगलागीका कारण २० करोड बढीको क्षति भएको थियो ।

संघका अध्यक्ष गुरुङले पीडितहरूलाई राहत प्रदान गरेर पीडामा मल्हम लगाउने काम गरिएको भन्दै आगामी दिनमा पनि समाजसेवाको कामलाई उच्च प्राथमिकतामा राखेर अनाथ बालबालिकालाई शिक्षादिक्षा, दैवीप्रकोप पीडितलाई राहतलगायतका विभिन्न क्षेत्रमा काम गर्ने जानकारी दिए ।

मध्यान्ह
www.madhyanhadaily.com

१६ असार २०८२ सोमबार
30 June 2025, Monday

## सम्पादकीय

# अर्को ब्रेक थ्रुको पर्खाइ

संविधान जारी भएको १० वर्षपछि प्रतिनिधि सभाबाट निजामती सेवा विधेयक-२०८० पारित भएको छ । यो विधेयक अब राष्ट्रिय सभामा छलफल हुनेछ, र कानुन बन्ने बाटो तर्फ बढ्नेछ । प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलहरू नै राष्ट्रिय सभामा भएकाले अब केही समय पछि निजामती सेवा कानुन मुलुकले पाउने पक्का भएको छ । यो कानुन मुलुक परिवर्तनको आभास दिलाउने आधार समेत हो । यही कानुनको अभावले संघीयता कार्यान्वयनमा समस्या देखिदै आएको थियो । प्रदेश संरचनाप्रति त बितृष्णा नै देखिन थालेको छ । आजको राष्ट्रिय समस्या भनेकै संघीयता हो भन्ने जस्तो प्रचार भइरहेको छ । तर संघीयता कार्यान्वयन गर्न अहिलेसम्म निजामती कानुन नै बनेको थिएन ।

कानुनको अभावमा प्रदेश र स्थानीय तहमा संघीय सरकारले कर्मचारी पठाउने गरिरहेको छ । त्यसो हुँदा प्रधानमन्त्री र मन्त्रीहरूको स्वार्थमा प्रदेश र स्थानीय सरकारले दुख पाउँदै आएको देखिन्छ । यसको बलियो उदाहरण काठमाडौं महानगर पालिका नै हो । यहाँ गैर दलीय उम्मेद्वार बनेर जितेका मेयर बालेन्द्र शाह (बालेन) छन्, र उनलाई संघीय सरकारले असहयोगको नीति लिएको देखिन्छ । संघीय सरकारबाट असहयोग गर्नकै लागि कर्मचारीबारे अर्घेल्याइपूर्ण निर्णय भइरहेका छन् । कर्मचारी मार्फत् संघ हाबी हुँदा वर्षेनि दर्जनौं स्थानीय सरकारले बजेट ल्याउन समेत सकिरहेका छैनन् । प्रदेश संरचनाप्रति असन्तुष्टि बढ्नुमा पनि कर्मचारी समायोजन एउटा कारण रहेको तथ्य लुकेको छैन ।

अर्थात् निजामती सेवा कानुनको अभावले व्यवस्था माथि नै प्रश्न उठ्ने अवस्था आइसकेको थियो । यस्तो बेला प्रतिनिधि सभाले निजामती सेवा विधेयक पारित गरेर एउटा 'ब्रेकथ्रु' गरेको छ । तर यो प्रयासले अझै पूर्णता पाउन बाँकी छ । कर्मचारी जत्तिकै अर्थ राख्ने प्रहरी समायोजन कानुन बन्न सकेको छैन । प्रहरी सम्बन्धी कानुन नबन्दा विशेषगरी प्रदेश सरकारले आफ्नो उपस्थितिलाई बलियो बनाउन सकेको छैन । 'राजनीतिक नेतृत्व छ, तर कार्यान्वयन गर्ने आफ्नै कर्मचारी र प्रहरी छैन' को नियति प्रदेश र स्थानीय सरकारले खेप्दै आएका छन् । तसर्थ पनि निजामती सेवा विधेयक पारित हुनु व्यवस्था कार्यान्वयनमै ब्रेकथ्रु हो । र व्यवस्थामाथि चुनौती देख्ने नेतृत्व प्रहरीसम्बन्धी कानुनलाई पनि अगाडि बढाउने पहल लिनुपर्छ । र बिर्सन मिल्दैन, जनताका प्रतिनिधिहरू सम्मलित संविधान सभाबाट जारी संविधान-२०७२ को मूल अन्तर्वस्तु भनेकै संघीय गणतन्त्र हो ।

# विप्रेषणको जालबाट खोजिएको मुक्ति

*तर, जब युवाले देशमै काम गर्न सक्छन्, उत्पादनमा समावेश हुन सक्छन् र भविष्य देख्न सक्छन्, तब उनीहरू यहीँ रोकिन्छन्...*

**अग्रलेख**



● ईश्वर बुढाथोकी

नेपालको अर्थतन्त्र आज श्रम-विप्रेषणमा गहिरो रूपमा निर्भर छ । लाखौं नेपाली युवाहरू विगत दुई दशकदेखि खाडी मुलुक, मलेसिया, कोरिया, जापान, युरोपदेखि अष्ट्रेलियासम्मका देशमा पसिना बगाइरहेका छन् । उनीहरूले पठाउने विप्रेषण रकम नेपाली अर्थतन्त्रको मेरुदण्डजस्तै बनिसकेको छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ को पहिलो १० महिनामा करिब ११ खर्ब ९१ अर्ब रुपैयाँभन्दा बढी विप्रेषण नेपाल भित्रिएको छ । यो रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.२ प्रतिशतले बढी हो । यही रकमले व्यापार घाटा कम गर्न, विदेशी मुद्राको सञ्चिति सुदृढ बनाउन, देशको उपभोग क्षमता बढाउन र गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याएको देखिन्छ । तर, यति ठूलो रकम देश भित्रिए पनि समग्र अर्थतन्त्र दीर्घकालीनरूपमा आत्मनिर्भर बन्ने दिशामा अघि बढेको देखिँदैन । बरु विप्रेषणको जाल यति गहिरो हुँदै गएको छ कि अब मुलुक यसको नशाबाट मुक्त हुने बाटो खोज्न थाल्नु परेको छ ।

विप्रेषणको उपलब्धिमा लुकेको दुर्बलता के हो भने यसले युवा शक्तिलाई देशको उत्पादन प्रणालीबाट टाढा पुऱ्याएको छ । कृषिमा काम गर्ने, साना उद्योगमा पसिना बगाउने, निर्माण क्षेत्रमा आफ्नो सीप देखाउने युवाहरू आज दुबई, कतार, साउदी, मलेसिया वा अन्यत्र छन् । उनीहरू टाढा परेका छन्, खेतबारी बाँझो छन्, निर्माण कार्यमा भारतीय श्रमिक भरिएका छन् र देशको औद्योगिक उत्पादन ज्युँको त्युँ छ । यसरी, विप्रेषणले भित्र्याएको विदेशी मुद्रा एकातिर भए पनि देशभित्र रोजगारी सिर्जनाको अवसर र उत्पादनशील संरचना विकास नहुँदा त्यो रकम बढी मात्रामा उपभोगमा खर्च हुने गरेको छ । विप्रेषणबाट आएको रकम प्रायः मोबाइल, मोटरसाइकल, गहना, टायल्स, टिभी, घर निर्माणमा लगाइन्छ, जसले तत्कालीन सुविधा त दिन्छ, तर भविष्यको आधारभूत अर्थतन्त्र निर्माण गर्न सक्दैन ।

थुप्रै अध्ययनले देखाउँछन् कि विप्रेषणमा आधारित अर्थतन्त्र अस्थिर हुन्छ । वैदेशिक रोजगारी गन्तव्य राष्ट्रहरूको राजनीतिक र आर्थिक स्थितिअनुसार चल्ने भएकाले कुनै पनि समय त्यसमा धक्का आउन सक्छ । उदाहरणका लागि कोभिड-१९ को समयमा लाखौं नेपाली कामदार बेरोजगार भएर फर्किए । साउदी, युएईजस्ता देशले विदेशी श्रमिक घटाउने नीति लिँदै गर्दा नेपालजस्ता राष्ट्रमा यसको गहिरो असर पर्न सक्छ । अर्कोतर्फ, विप्रेषणले गरिबी कम गरे पनि सामाजिक मूल्यमा अस्वस्थ असर पुऱ्याउने गरेको छ । वर्षौं टाढा बसेर बालबच्चा र परिवारबाट टाढा रहेका पिताहरू, हप्तौं श्रीमान्-श्रीमतीको सम्पर्कबिना बिताएका परिवारहरू, सामाजिक खाडल, पारिवारिक विघटन र मानसिक समस्याहरू बढेका छन् ।

अब प्रश्न उठ्छ– नेपाल विप्रेषणको निर्भरता र विघटनको जालबाट कसरी मुक्त हुने ? यसको उत्तर सजिलो छैन, तर सम्भव भने अवश्य छ । देशको वर्तमान संरचना उत्पादनविहीन, रोजगारविहीन र अवसरविहीन भएकाले युवाहरू बाध्यतावश विदेशिन्छन् । यस बाध्यता हटाउन स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्ने हुन्छ । यसको सुरुवात कृषि क्षेत्रमा आधुनिकीकरणबाट गर्न सकिन्छ । अहिले नेपालको करिब ६५ प्रतिशत जनसंख्या कृषिमा आश्रित छ, तर कुल गार्हस्थ्य उत्पादनमा यसको योगदान २५ प्रतिशतभन्दा पनि कम छ । यसको कारण कृषि परम्परागत छ, श्रम गाह्रो छ, प्रविधि छैन, मूल्य श्रृंखला छैन, र बजार असुरक्षित छ । यदि सरकारले प्रविधिसहितको कृषि प्रणाली, बिमा सुविधा, सिँचाइ र भण्डारण जस्ता आधारभूत पूर्वाधार सुधार गर्छ भने, युवाहरू पुनः कृषितिर फर्कन सक्छन् ।



*देशको वर्तमान संरचना उत्पादनविहीन, रोजगारविहीन र अवसरविहीन भएकाले युवाहरू बाध्यतावश विदेशिन्छन् । यस बाध्यता हटाउन स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्ने हुन्छ । यसको सुरुवात कृषि क्षेत्रमा आधुनिकीकरणबाट गर्न सकिन्छ...*

यस्तै, साना तथा मझौला उद्यमहरूलाई प्रोत्साहन गर्न सकिन्छ । आज नेपालमा थुप्रै उद्यमशील युवा छन्, जो सानो लगानी, सीप र पहुँच पाए सफल हुन सक्छन् । सरकारले सहुलियतपूर्ण ऋण, तालिम, बजार पहुँच, कानुनी सहजीकरण र प्रविधिमा सहयोग पुऱ्याउने हो भने थुप्रै युवा आत्मनिर्भर बन्न सक्छन् । त्यसका लागि सरकारले उद्यमशीलता केन्द्रहरू, व्यवसाय इनक्युवेटरहरू र स्टार्टअप फन्ड स्थापना गर्नुपर्छ । राज्यले आफैँ उद्योग खोल्नुपर्ने होइन, निजी क्षेत्रलाई चलायमान बनाउन अनुकूल वातावरण सिर्जना गर्नुपर्छ ।

नेपाल फर्किएका युवाहरूलाई पनि उत्पादनशील क्षेत्रमा लगाउन सकिन्छ । उनीहरूसँग कामको अनुभव, केही पुँजी र सीप हुन्छ । तर, तिनीहरू देश फर्किएपछि के गर्ने भन्ने योजना नहुँदा दोब्बर निराश भएर बस्छन् । यदि सरकार, गैरसरकारी संस्था र वित्तीय क्षेत्र मिलेर तिनीहरूका लागि सीप उपयोग योजना, प्रवासी लगानी प्रोत्साहन कार्यक्रम, सामूहिक उद्यम परियोजना सञ्चालन गर्छन् भने फर्किएका युवालाई देशमै राख्न सकिन्छ । उनीहरूको सीपलाई औपचारिकता दिन व्यवसाय अनुमति, तालिम, कर छुटजस्ता नीति हुनुपर्छ ।

नेपालमा सूचना प्रविधि, पर्यटन, सेवा र शिक्षामा रोजगारीको ठूलो सम्भावना छ । सरकारले डिजिटल पूर्वाधार विस्तार, आइटी शिक्षा सुधार र वैदेशिक बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादनमा ध्यान दिनुपर्छ । यस्तै, पर्यटनलाई चार सिजनको व्यवसाय बनाउँदै आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढाएर हजारौं रोजगारी सिर्जना गर्न सकिन्छ । सेवा क्षेत्रमा–जस्तै स्वास्थ्य, नर्सिङ, हस्पिटालिटी, होटेल व्यवस्थापनमा पनि गुणस्तरीय तालिम र रोजगार संरचना बनाउनु पर्छ ।

विप्रेषण रकमलाई घर खर्चको सीमाबाट निकालेर लगानीयोग्य पुँजीमा रूपान्तरण गर्न सक्नुपर्छ । अहिले विप्रेषण रकम बैंकमार्फत आउन थालेको छ, तर त्यसलाई उद्यम वा संरचनागत परियोजनामा लगानी गर्ने अवसर छैन । यदि सरकारले 'विप्रेषण लगानी पोर्टल' बनाउँछ, जहाँ नेपालीहरूले सेयर, कृषि उद्यम, उद्योग वा पूर्वाधारमा सानो रकम लगानी गर्न सक्छन् भने देशको विकास आफैँले गर्न सकिन्छ । यसका लागि सरकारले पारदर्शी, सुरक्षित र लाभदायक लगानी वातावरण निर्माण गर्नुपर्छ ।

यसबाहेक, वैदेशिक रोजगार नीतिमा पनि सुधार गर्नुपर्छ । अहिले विदेशिने श्रमिकहरू प्रायः अप्रशिक्षित हुन्छन्, जसले न्यूनतम ज्याला, बढी जोखिम र कम सुरक्षामा काम गर्न बाध्य हुन्छन् । यदि तालिम, भाषा र सीप विकासका साथ विदेश पठाउने नीति बनाइयो भने त्यहाँ पनि बढी कमाइ, सुरक्षा र सीपसहित फर्कन सकिन्छ । सीपयुक्त श्रमिकलाई पठाउने र पछि देश फर्कँदा त्यस सीपलाई उत्पादनमा प्रयोग गर्ने प्रणाली चाहिन्छ । विप्रेषणको जालबाट मुक्त हुन दीर्घकालीन सोच, राजनीतिक प्रतिबद्धता, रणनीतिक योजना र कार्यान्वयन क्षमताको आवश्यकता पर्छ । यसका लागि शिक्षा प्रणाली परिवर्तन गरी सीपमूलक, समस्या समाधानमुखी र व्यवहारिक बनाउनु पर्छ । निजी क्षेत्रलाई विश्वासिलो साझेदारका रूपमा मान्नुपर्छ, जहाँ राज्य नीति बनाउने र निजी क्षेत्र कार्यान्वयन गर्ने मोडेल सफल हुन सक्छ । त्यस्तै, स्थानीय सरकारहरूको भूमिकालाई पनि बलियो बनाउनु पर्छ, किनकि गाउँगाउँमै रोजगारी सिर्जना गर्न सकिएमा विदेशिनुपर्ने बाध्यता घट्न सक्छ ।

अन्ततः, समस्या विदेश जानुमा होइन, विकल्प नभएकोमा हो । जबसम्म देशमा काम छैन, अवसर छैन र सम्मान छैन, तबसम्म विप्रेषणको जालबाट मुक्ति सम्भव छैन । तर, जब युवाले देशमै काम गर्न सक्छन्, उत्पादनमा समावेश हुन सक्छन् र भविष्य देख्न सक्छन्, तब उनीहरू यहीँ रोकिन्छन् । यसरी हेर्दा, विप्रेषणको जालबाट मुक्तिको मार्ग अर्थतन्त्रको उत्पादनमुखी पुनर्संरचना र युवा शक्तिमा भरोसा राखेर नै खोज्न सकिन्छ ।

## इतिहासमा आज

३० जुन १९८९ मा सुडानमा भएको 'कू'ले प्रधानमन्त्री सादिक अल-महदी र राष्ट्रपति अहमद अल-मिर्गानीको लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई अपदस्थ गरेको थियो ।



३० जुन २०१३ मा राष्ट्रपति मोहम्मद मोर्सी र सत्तारूढ फ्रिडम एण्ड जस्टिस पार्टीको विरुद्ध इजिप्टभर विरोध प्रदर्शन सुरु भयो । जससँगै भएको 'कू'को क्रममा उनीहरू अपदस्थ भए ।




३० जुन २०१५ मा ११३ जना सवार हर्कुलस सी-१३० सैन्य विमान इन्डोनेसियाको मेदानको एक आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त भयो । जुन घटनामा ११६ जनाको ज्यान गएको थियो ।



३० जुन २०१९ मा डोनाल्ड ट्रम्पले जनगणतन्त्र कोरिया (उत्तर कोरिया)को भ्रमण गरेका थिए । उनी उत्तर कोरियाको भ्रमण गर्ने पहिलो बहालवाला अमेरिकी राष्ट्रपति बनेका थिए ।



# सधैं उपेक्षामा कृषि क्षेत्र

**विचार**



● चन्द्रबहादुर बस्याल

*नेपालको भविष्य आत्मनिर्भर अर्थतन्त्रमा छ । र, त्यो आत्मनिर्भरता तब मात्र सम्भव हुन्छ, जब कृषि राज्यको योजना र कार्यान्वयनको केन्द्रबिन्दुमा आउँछ...*

कृषि नेपाली अर्थतन्त्रको मेरुदण्ड हो भन्ने भनाइ दशकौंदेखि दोहोरिँदै आएको छ । तर, व्यवहारमा भने कृषि कहिल्यै पनि नीति निर्माणको मूल प्राथमिकतामा परेन । आधुनिकता र शहरीकरणतर्फको आकर्षण, भूमिसुधारमा राजनीतिक भ्रम, उत्पादनशीलताको उपेक्षा र कृषकको श्रमप्रति राज्यको बेवास्ता, यी सबैले कृषि क्षेत्रलाई प्राथमिकताको परिधि बाहिर राखे । आजको नेपालले झन् गम्भीर मूल्य चुकाइरहेको छ– आत्मनिर्भरताको सपना बिर्सेर परनिर्भरता बढाउँदै ।

नेपाल कृषि प्रधान देश भए पनि खाद्यान्नमा आत्मनिर्भर छैन । चालु आर्थिक वर्ष २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफलमा धान उत्पादन भएको छ । सो क्षेत्रबाट ५९ लाख ५५ हजार ४७६ मेट्रिक टक धान उत्पादन भएको छ । तर, यो पर्याप्त भएन । आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा (साउन-जेठ)सम्म मात्रै ३८ अर्ब ९४ करोड रुपियाँको धान चामल आयात भएको छ । यो तथ्य आफैमा कृषि प्रतिको उपेक्षाको संकेत हो । देशमा उत्पादन हुने प्रमुख अन्न नै पर्याप्त नहुँदा राज्यको प्राथमिकता कहाँ छ भन्ने प्रश्न अनिवार्य रूपमा उठ्छ ।

धान मात्र होइन, गहुँ, मकै, तरकारी, फलफूल, दाल, तेल र अन्य खाद्य वस्तुहरूको पनि आयात निरन्तर बढ्दो छ । विडम्बना त के भने, कृषिमा काम गर्ने जनसंख्या अझै पनि कुल श्रमशक्तिको ६० प्रतिशत हाराहारी छ । तर, तिनको उत्पादन क्षमताको मूल्यांकन छैन, जीवनस्तरको उत्थान छैन, र राज्यको दृष्टिमा सम्मान पनि छैन ।

नेपालको कृषिमा एकातर्फ परम्परागत तरिका, अर्कोतर्फ अव्यवस्थित भूमिसुधार र सिंचाइको अभावले उत्पादनमा प्रभाव पारेको छ । कृषिमा यान्त्रिकीकरणको गति सुस्त छ, बीउ बिजनको गुणस्तरमा सुधार छैन, कृषि अनुसन्धान र विकास संस्थाहरू पनि राजनीतिक हस्तक्षेपले आक्रान्त छन् । कृषकलाई सस्तो ऋण, बीमा, बजार, मूल्य ग्यारेन्टी–कुनै पनि पक्षमा संस्थागत सुनिश्चितता छैन । फलतः कृषक खेती छाड्न बाध्य छन्, गाउँ छाडेर विदेश पलायन भइरहेका छन् ।

अर्कोतर्फ, कृषिलाई प्राथमिकतामा नपार्नुको एउटा कारण राज्यको सोचमै रहेको देखिन्छ । सहरीकरण र उपभोक्तावादी विकास मोडलले कृषि क्षेत्रलाई 'पिछडिएको' को रूपमा चित्रित गऱ्यो । उद्योग, पर्यटन, सेवा क्षेत्रलाई प्राथमिकतामा राखेर योजना बने, तर ती सबैको जग भनेको कृषि नै हो भन्ने बुझाइ हरायो । आयातले बजार भरिएको सन्दर्भमा सरकारहरूको प्राथमिकता 'आयात सजिलो बनाउने'मा सीमित रह्यो, 'आत्मनिर्भर उत्पादन' मा होइन ।

कृषकले उत्पादन गऱ्यो पनि बजारमा उचित मूल्य पाउँदैन । तरकारी उत्पादन गरेर सडक छेउमा फालिएको दृश्यहरू सामान्य भइसकेका छन् । त्यसैबेला उही तरकारी भारत वा चीनबाट आयात हुन्छ, महँगोमा बजारमा बेचिन्छ । यो विसंगत अवस्था कृषि नीतिको असफलताको ज्वलन्त उदाहरण हो ।

एकातर्फ, कृषिमा आधुनिकता भित्र्याउन सक्ने शिक्षित जनशक्ति देशबाहिर पलायन भइरहेका छन् । अर्कोतर्फ, बाँकी रहेका किसान वृद्ध हुँदै गएका छन् । युवा पुस्ता खेती गर्न चाहँदैन, किनभने त्यसमा भविष्य देख्दैन । न जागिरको सुरक्षाजस्तो केही पाइन्छ, न राज्यबाट सम्मान । श्रम गर्नेले सम्मान पाउँदैन भने त्यो पेशा कसरी आकर्षक हुन्छ ? कृषि पढ्ने विद्यार्थी पनि विदेश जान्छन्, फर्किँदैनन् । कृषि कलेजका स्नातकहरू सरकारी जागिरको पर्खाइमा बस्छन्, खेततिर फर्कँदैनन् । यथार्थ यति कटु छ कि कृषि 'सपना' होइन, 'बाध्यता' बनेको छ– र त्यो पनि बाँकी केही विकल्प नभएकाहरूको ।

आजको परिप्रेक्ष्यमा नेपालले कृषि क्षेत्रलाई रणनीतिक रूपमा पुनर्संरचना नगरे मुलुकको खाद्य सुरक्षामा दीर्घकालीन संकट आउन सक्छ । जलवायु परिवर्तनका असरहरू, अन्तर्राष्ट्रिय बजारको अस्थिरता, कृषिजन्य कच्चा पदार्थमा बढ्दो निर्भरता– यी सबैले आगामी वर्षहरूमा खाद्य मूल्य अस्थिर बनाउनेछन् । त्यस्तो समयमा आत्मनिर्भर बन्ने प्रयास अहिले नगरे पछि पछुताउनु बाहेक केही बाँकी रहने छैन ।

कृषिलाई प्राथमिकतामा पार्न अब पनि ढिला भइसकेको छैन, तर अबको रणनीति संकल्पसहितको हुनुपर्छ । कृषकलाई कृषि उद्योगमा रूपान्तरण गर्ने, कृषि बीमा, सहुलियत ऋण, उत्पादनमै मूल्य ग्यारेन्टी, बजार व्यवस्थापन र निर्यात क्षमतामा जोड दिने हो भने कृषि फेरि मुलुकको मेरुदण्ड बन्न सक्छ । तर त्यो राजनीतिक भाषणको गुनगानले होइन, यथार्थ नीतिगत कार्यान्वयनले मात्र सम्भव छ ।

नेपालको भविष्य आत्मनिर्भर अर्थतन्त्रमा छ । र, त्यो आत्मनिर्भरता तब मात्र सम्भव हुन्छ, जब कृषि राज्यको योजना र कार्यान्वयनको केन्द्रबिन्दुमा आउँछ । अन्यथा, हाम्रो माटो बाँझिँदै जान्छ, कृषकहरू पलायन भइरहन्छन् र मुलुक काँचो उत्पादन आयात गर्ने परनिर्भर बजार बनिरहन्छ । यही विकल्पहीनता आजको कृषि संकटको वास्तविक अनुहार हो ।

## सामाजिक सञ्जाल



**कृष्ण घिमिरे**

पद, स्वार्थ, व्यक्तिगत प्रतिष्ठाको निम्ति दलमा तँछाडमछाड गरिएको देखिन्छ । हामी हाम्रो विचार, राजनीतिक मुद्दा, वर्ग, समुदायप्रति जति नजिकको सम्बन्ध र उनीहरूको मुक्तिका निम्ति समर्पित हुनुपर्ने हो, त्यस्तो भएन । यी विचार प्रचण्डका हुन् । यसको सुरुवात कतै आफैंबाट त भएको छैन सोच्नु बेस् ।



**डम्बर खतिवडा**

भुटानी शरणार्थी प्रकरणमा जेल पर्ने भन्छन्- राजनीतिक प्रतिशोध । पतञ्जली जग्गावाला भन्छन्- प्रतिशोध । सहकारी ठग भन्छ- प्रतिशोध । तीनकुने हिंसावाला भन्छन्- प्रतिशोध । ती काण्ड गरे गराएको चाहिँ कसले रहेछ ? के सबका सबले दण्डहीनता चाहेको हो ? प्रतिशोध शब्दको बर्कोभित्र सबै अपराध लुक्छ ?



**कृष्ण पोखरेल**

राजनीतिमा पनि तिकडमबाजीको एउटा आयु हुन्छ । अति प्रयोगले त्यो क्रमशः निष्प्रभावी हुँदै जान्छ । त्यो बुझेर सम्मानजनक बहिर्गमन गर्ने कि मेरा जुँगा फेरि काला हुँदै छन् भनेर धिङ्न्याई गरेर बस्ने ? रोजाई आफ्नै हो !



**ओमकुमार थापा**

सहकारी ठगीमा मुद्दा चलेर पूर्पक्षका लागि थुनामा रहेको व्यक्ति रवि लामिछानेका पक्षमा लाग्नेहरू देख्दा बडो अचम्म लाग्छ । त्यति ठूलो आरोप लागिसकेपछि न नैतिकता देखाएर लामिछानेले पार्टीबाट राजीनामा दिए, न त पार्टीले नै उचित ठान्यो । यस्तालाई वैकल्पिक शक्तिको ट्याग कसले झुन्ड्याइ दियो ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# अनुमतिबिनै विद्यालय बन्द, गाउँपालिकाले सोध्यो स्पष्टीकरण




**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुम पूर्व, १५ असार

रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा सञ्चालित पाँच वटा विद्यालयले स्थानीय सरकारको अनुमति र जानकारीबिनै विद्यालय बन्द गरेका छन् । असार १ गतेदेखि १८ गतेसम्म ती विद्यालयमा पठनपाठन ठप्प रहेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका शिक्षा शाखा प्रमुख रामप्रसाद खड्काका अनुसार गाउँपालिकामा कुल ५६ वटा विद्यालयमध्ये पर्वत मावि कोल, दुर्गा आवि गर्खानी, ज्योति आवि फल्नै, जनसेवा आवि गोलखाडा, र पहाडी आवि छमारी गरी पाँच विद्यालयले कुनै जानकारी नदिइ मनोमानीरूपमा विद्यालय बन्द गरेका हुन् ।

'अन्य सबै विद्यालयमा नियमित कक्षा सञ्चालन भइरहेको छ, तर यी विद्यालयहरूले आफ्नो मनपरी शैलीमा विद्यालय बन्द गरेका छन्,' प्रमुख खड्काले बताए ।

गाउँपालिकाले ती विद्यालयका प्रधानाध्यापकहरूलाई तत्काल बोलाई स्पष्टीकरण मागिसकेको छ । प्रमुख खड्काका अनुसार शैक्षिक क्यालेन्डर पालना नगर्ने र स्थानीय सरकारको जानकारीमा नआइकन शिक्षण संस्था बन्द गर्नु पूर्ण रूपमा गैरजिम्मेवार र अनुशासनहीन व्यवहार हो ।यस विषयमा प्रतिक्रिया लिन खोज्दा वडा नम्बर १२ का वडाध्यक्ष दिलमान पुनले फोनसमेत नउठाएको गाउँपालिकाको गुनासो छ । वडाअन्तर्गत पर्ने विद्यालयहरू बन्द हुँदा वडाध्यक्षको मौनता र अनुपस्थिति थप प्रश्न उठाउने खालको देखिएको छ । गाउँपालिकाले शिक्षा जस्तो संवेदनशील विषयमा गैरजिम्मेवार ढंगले गरिएको यस कार्यले विद्यार्थीको सिकाइमा प्रत्यक्ष असर पार्ने भन्दै अन्य विद्यालयहरू पनि निगरानीमा राखिएको जानकारी दिएको छ ।

## देवाही गोनाही-४ मा सडक ढलान र ग्राभेल कार्य सुरु



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १५ असार

रौतहट देवाही गोनाही नगरपालिका-४ मा कच्ची सडक ढलानका साथै ग्राभेलको काम सुरू गरिएको छ । आइतबार आयोजित एक कार्यक्रममा उपमेयर परनिया देवी पटेल र पूर्व गाविस अध्यक्ष धर्मेन्द्र पटेलले संयुक्त रूपमा सडक निर्माण कार्यको शिलान्यास गरेका हुन् ।

नेकपा (एमाले) का जिल्ला उपाध्यक्ष रुपेश पटेलको विशेष पहलमा मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमार्फत सडक निर्माणको काम सुरू गरिएको हो । उनका अनुसार कुल ३२ लाख रुपैयाँको लागतमा १४० मिटर सडक ढलान र १ किलोमिटर ग्राभेल गरिनेछ । उपाध्यक्ष पटेलका अनुसार कच्ची सडकका कारण वर्षायाममा स्थानीयवासीलाई आवतजावतमा निकै कठिनाइ हुँदै आएको थियो । खासगरी कृषिकर्ममा संलग्न किसानहरूलाई खेतमा पुग्न समस्या हुने गरेकोमा अब सहज हुने विश्वास गरिएको छ ।

**श्री पाखेपानी सा.व.उ.स चौदण्डिगढी न.पा– ८, उदयपुरको काठ लिलाम सम्बन्धी सूचना**

यस उपभोक्त समूहले नियमानुसार संकलन गरि घाटगद्दी गरेको लट नं. २ र ३ साल ४७ र ४८ थानको क्रमस ४१८. ४१ र ४२७. ४७ र लट नं. ४ चिलाउने ११ थानको १७०.३८ क्यूबिफिट काठ समूहमा खपत हुन नसकेकोले शिलबन्दी दरभाउपत्रबाट बिक्रीका लागि सूचित गरिन्छ । विस्तृत जाकारीको लागि समूहको कार्यालयमा सर्म्पक राख्नुहोला ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८२/०३/१६**

मिति २०८१/०१/१८ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वमीका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्री वमिका रेन्टल प्रा. लि. (प्रा.लि. नं.: ३३३७६४)** कायम गर्ने गरी मिति २०८१/०१/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१६**

यस कम्पनीको २०८१/१२/२९ मा सम्पन्न बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार को कार्यालयको मिति २०८२/२/०६ को निर्णयानुसार साविक कम्पनी **लिम्को ओभरसिज प्रा.लि. (प्रा. लि. नं.५६२१२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको कम्पनी **(जुपिटर ग्लोबल कनेक्सन प्रा.लि.**, अंग्रेजीमा **(Jupiter Global Connection Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने निर्णय गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**

## आन्तरिक आय तर्फको विद्युतीय दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/03/१६ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा भएको व्यवस्था, यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५ (संसोधित सहित), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, वागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(१) र सो सँग सम्बन्धित अनुसूची-५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था र यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८२/०३/११ गतेको राजश्व परामर्श समितिको वैठक र २०८२/०३/१२ गतेको नगर सभाको निर्णयानुसार आ.व. २०८२/०८३ को आन्तरिक आय असुल सम्बन्धी कार्य देहाय बमोजिम उल्लेखित ठेक्काद्वारा गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेको इच्छुक फर्महरुले विद्युतीय माध्यम (E-Bidding) द्वारा मात्र दरभाउपत्र पेश गर्नुपर्नेछ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८२/०८३ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) विक्री परिमाण (घन फिटमा) | आ.व. २०८२/०८३ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन् संकलन समेत विक्री मुल्य रु. | ढुङ्गा, गिट्टी वालुवा स्लेट ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १/ २०८२/०८३ | इन्द्रावती नदीको बनदेऊको ५९ कि.मी. देखि भ्याडी खोला सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | १,४०,५९,३५०/५७ (एक करोड चालिस लाख उनान्साठ्ठी हजार तिन सय पचास दशमलव सन्ताउन्न घन फिट) | ७/- (सात) | ९,८४,१५,४५३/९८ (नौ करोड चौसारी लाख पन्ध्र हजार चार सय त्रिपन्न रुपैंया अन्ठानब्बे पैसा) | १०,०००/- (दश हजार) |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कबोल अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंक बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।
२. ठेक्का अवधि प्रचलित कानून बमोजिम आ.व. २०८२/०८३ सम्म कायम रहनेछ । ठेक्का अवधिमा आषाढ, श्रावण र भाद्र महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन । परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकाले बन्द हड्ताल आदिका कारण केहि दिन काम सूचारु नभएको अवस्थामा कुनैपनि किसिमको दावी विरोध गर्न पाईने छैन । तर संघीय सरकार, प्रदेश सरकार, यस नगरपालिका तथा अदालतको आदेश वा निर्णय र अन्य कुनै कारणबाट ठेक्का अवधि भित्र सम्झौता उल्लेख भएको परिमाण उठाउन नपाएमा दोस्रो पक्षले उचित र प्रयत्न कारण देखाई माग दावी गर्न बाधा पर्ने छैन । सम्झौता हुने दिन भन्दा अघिल्लो दिन सम्म नगरपालिकाले अमानतवाट संकलन गरेको परिमाण र सो को रकम कुल रकमवाट घटाई बाँकी रकम नगरपालिकालाई बुझाउनु पर्नेछ । सो रकम अन्तिम किस्तामा मिलान गरिनेछ ।
३. माथि उल्लेखित सबै ठेक्काहरुको कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनुपर्नेछ ।
४. धरौटी वापत कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. चौतारा स्थित बैंक धरौटी खाता नं. ०५७०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको "क" वर्गको वाणिज्य बैंकको जमानत (विड वण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।
५. प्रचलित कानून बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ (पाँच) प्रतिशत सम्म रकम छुट दिईनेछ । तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनको लागि भने छुट दिईने छैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल बैंक लि., चौतारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५७०३००००००१००१००००००१ मा दाखिला गर्नुपर्नेछ ।
६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
७. दरभाउपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
८. ठेक्कामा कुनै विवाद भएमा चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. उक्त ठेक्काहरुको E-Submission गर्ने दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति २०८२/०४/१४ गते दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरी सक्नु पर्नेछ । Upload भएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा खोलिनेछ साथै उक्त सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाईट chautaramun.gov.np मा राखिएको छ र दरभाउपत्र फाराम PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् पेश गर्न सकिनेछ ।
१०. दरभाउपत्र फारामहरु दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमश सोही समयमा हुनेछ । तर बिड वण्डको मान्य अवधि सुरुकै मितिबाट कायम हुनेछ ।
११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागू हुनेछ ।
१२. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन ।
१३. नेपाल सरकार तथा बागमती प्रदेश सरकारबाट ढुङ्गा, गिटी, वालुवा स्लेट ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) वापतको शुल्क (कर) मा हेरफेर गरेको अवस्थामा सो शर्तहरु ठेकेदारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । प्रदेश सरकारबाट थपघट भएको करको अनुपातमा ठेक्का अंक निर्धारण गरिनेछ । सो बमोजिम पेश गर्नुपर्ने किस्ता रकम वा बैंक ग्यारेन्टी सम्बन्धित ठेकेदारले बुझाउनुपर्नेछ ।
१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१५. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कुल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स वण्ड) पेश गरे पश्चात् मात्र ठेक्का सम्झौता गरी कार्यादेश दिईनेछ ।
१६. कायम हुन आएको ठेक्का अंक रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| प्रथम | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०८२ साल पौष मसान्त भित्र | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०८३ साल जेष्ठ मसान्त भित्र | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |

१७. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
१८. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
१९. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।
२०. ढुङ्गा, गिटी, बालुवा, ग्राभेल रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेको स्थानमा बसी संकलन गर्न पाईने छैन ।
२१. जमानी वापत दरभाउपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
२२. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम अशुल उपर गरिनेछ । सो उपर ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।
२३. प्रचलित कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।
२४. यस नगरपालिका भित्रका नदी नालाबाट ढुङ्गा, गिटी, वालुवा निकाली संकलन तथा विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पुलको तल ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पुर्ण रुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलनले सो कुरालाई पुर्ण रुपमा ध्यान दिनुपर्नेछ । ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न वाधा पर्ने छैन । तर प्रारम्भिक वातारणीय परीक्षण (IEE) प्रतिवेदन प्रतिकुल हुन गरी साथै यसै ठेक्कामा उल्लेख गरेको परिमाण भन्दा वढि परिमाण उत्खनन् तथा विक्री संकलन गर्न पाईने छैन ।
२५. यस कार्यालयमा पेश हुन आएको दरभाउपत्र, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खुल्नेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।
२६. दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीका व्यवसायी नवीकरण प्रमाण पत्र, स्थायी लेखा नं., मु.अ. कर प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण (२०८०/०८१) पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।
२७. दरभाउपत्र फाराम नियमानुसारको राजश्व तिरी PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् डाउनलोड गरी पेश गर्न सकिनेछ ।
२८. ढुङ्गा, गिटी, वालुवा, रोडा आदिको संकलन तथा विक्रीका सम्बन्धमा जिल्ला स्तरीय र नगर स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
२९. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएकाहरुको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृत पश्चात् गरिने सम्झौता अनुसार हुनेछ ।
३०. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

# जनशक्ति नहुँदा धान रोपाइँमा ढिलाइ



*धान रोपाइँ: राष्ट्रिय धान दिवसका अवसरमा शुभकामना योग साधना केन्द्रले आइतबार काठमाडौंको तारकेश्वर नगरपालिका-१० मनमैजुस्थित खेतमा धान रोपाइँ गरेर राष्ट्रिय धान दिवस मनाउँदै । तस्बिर : हरिराम भेटुवाल/ रासस*

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १५ असार ।

असार महिना सुरु भएसँगै रोपाइँको रौनक देशभर छ। वर्षायाम लागेसँगै मानो रोपेर मुरी फलाउन किसानहरू खेतबारी मै व्यस्त छन्। युवा पुस्ता विदेश पलायल भइरहेको अवस्था रोपाइँको लागि जनशक्ति कमि र मनसुन ढिलो सुरु हुँदा असार १३ गतेसम्म १५.६ प्रतिशत रोपाइँ भएको कृषि विभागले जनाएको छ । गत वर्ष असार १४ गतेसम्म १७.२ प्रतिशत रोपाइँ भएको थियो ।

धान खेतीको लागि मधेश र लुम्बिनी प्रदेशमा यो पटक रोपाइँ ढिलो सुरु भएको हो । गत वर्ष असार १४ गतेसम्म मधेश प्रदेशमा ८.२ प्रतिशत रोपाइँ भएको थियो भने यो असार १३ गतेसम्म ४ प्रतिशत मात्र रोपाइँ भएको छ । यस्तै लुम्बिनी प्रदेशमा गत वर्ष असार १४ गतेसम्म १८.५ प्रतिशत रोपाइँ भएको थियो तर अहिले ९.७ प्रतिशत मात्र रोपाइँ गरिएको विभागको तथ्यांक छ ।

मधेश र लुम्बिनी प्रदेश बाहेक अरु पाँच प्रदेशमा भने गत वर्ष असार १४ गते भन्दा धेरै रोपाइँ भएको छ। असार १३ गतेसम्म सबै भन्दा धेरै सुदूरपश्चिम प्रदेशमा रोपाइँ भएको छ । असार १३ गतेसम्म सुदूरपश्चिममा ४५.५ प्रतिशत रोपाइँ भएको छ । त्यसपछि धेरै रोपाइँ कर्णाली प्रदेशमा भएको छ । कर्णाली प्रदेशमा अहिलेसम्म ३९.१ प्रतिशत रोपाइँ भएको छ। यस्तै, असार १३ गतेसम्म बागमतीमा २०. ५ प्रतिशत, कोशीमा १४.३ प्रतिशत र गण्डकीमा १३.८ प्रतिशत रोपाइँ भएको छ।

यसरी समग्र देशभर अहिलेसम्म असार १४ गतेसम्म १५.६ प्रतिशत रोपाइँ गरिएको छ । कृषि विभागका अनुसार असार १४ र १५ गते देशका विभिन्न स्थानमा वर्षा भइरहेको दुई दिनमा पाँच प्रतिशत रोपाइँ भएको अनुमान गरिएको छ। यसरी समग्र रुपमा असार १५ गतेसम्म देशभर २० प्रतिशत रोपाइँ सकिएको अनुमान छ ।

अहिलेसम्म देशभर दुई लाख १७ हजार दुई सय ८९ हेक्टर क्षेत्रफलमा धान रोपिएको छ। देशका सात प्रदेश मध्ये सबैभन्दा धेरै मधेश प्रदेशमा तीन लाख ८० हजार दुई सय ८३ हेक्टरमा धान रोपाइँ हुने अपेक्षा गरिएको छ। यस्तै, यसपछि लुम्बिनी प्रदेशमा तीन लाख दुई हजार आठ सय ८९ हेक्टरमा धान रोपाइँ हुने अनुमान छ। तर, दुवै प्रदेशमा रोपाइँ असार १३ गतेसम्म सबै भन्दा कम छ। कोशी प्रदेशमा दुई लाख ७६ हजार ३ सय ८७ हेक्टरमा सुदूरपश्चिम प्रदेशमा एक लाख ७६ हजार एक सय ५१ हेक्टरमा र बागमति प्रदेशमा एक लाख २० हजार पाँच सय ४५ हेक्टरमा धान रोपाइँ हुने अपेक्षा कृषि विभागले गरेको छ। यस्तै, गण्डकी प्रदेशमा ९४ हजार हजार एक सय ८२ हेक्टरमा र कर्णाली प्रदेशमा ४० हजार आठ सय ८४ हेक्टरमा धान रोपाइँ हुने अपेक्षा गरिएको छ।

यस आर्थिक वर्ष २०८२/८३ मा कुल १३ लाख ९१ हजार तीन सय २१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने अनुमान विभागले गरेको छ। तर, गत आर्थिक वर्ष २०८०/८१ मा १४ लाख २० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा रोपाइँ भएको थियो ।

# ‘वित्तीय अनुशासन कायम गर्न बेरुजु घटाउन आवश्यक’

**काठमाडौं/मस** – संवैधानिक निकाय, तीन तहका सरकार तथा सार्वजनिक संस्थानहरूले नियमित लेखापरीक्षण गर्ने तथा देखिएको बेरुजु घटाएर वित्तीय अनुशासन कायम गर्नुपर्नेमा जोड दिइएको छ। वित्तीय अनुशासनलाई कायम गर्न बेरुजु फर्छ्यौटलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको हो ।




महालेखापरीक्षकको कार्यालयको ६७औं वार्षिकोत्सव अवसरमा आइतबार आयोजित कार्यक्रममा सभामुख देवराज घिमिरेले सरकारी निकायमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका लागि महालेखापरीक्षकको कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । उनले लेखापरीक्षणमार्फत् सार्वजनिक स्रोत-साधनको सदुपयोग र वित्तीय अनुशासन कायम गर्न थप गम्भीर हुन बताए ।

‘बेरुजु घटाउन सबै निकायले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्ने, कर्मचारीको क्षमता वृद्धि तथा सचेतनाका लागि आवश्यक पहल गर्ने, संस्थागत सुशासन कायम राख्न र सार्वजनिक संस्थानहरूको वित्तीय स्वास्थ्य सबल राख्न महालेखाले दिएका सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ’, सभामुख घिमिरेले भने ।

सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले सार्वजनिक स्रोत साधनको प्रयोगमा अनुशासन कायम गर्न आवश्यक भएको बताए । उनले महालेखापरीक्षकको कार्यालय र लेखा समितिबीचको सम्बन्ध सुमधुर रहेको चर्चा गर्दै बेरुजु फर्छ्यौट समितिको एकल प्रयास पर्याप्त नहुने बताए ।

महालेखापरीक्षक तोयम रायाले सार्वजनिक निकायले लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका समयमै कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । ‘वित्तीय सुशासन कायम राख्न सबै संवैधानिक निकाय, मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय सरकार र सार्वजनिक संस्थाहरुको जिम्मेवारी हो’, उनले भने ।

महालेखापरीक्षकको कार्यालयले हाल बक्यौता लेखापरीक्षण, जोखिममा आधारित लेखापरीक्षण, कार्यमूलक तथा विशेष लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण, सूचना प्रविधिसम्बन्धी लेखापरीक्षण, संगठित संस्थाको लेखापरीक्षण र औचित्यमूलक लेखापरीक्षण गर्दै आएको छ। यसका लागि वार्षिक कार्यतालिकासमेत प्रकाशित गरी नियमानुसार काम अघि बढाइएको जनाइएको छ ।

महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदन २०८२ अनुसार संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख बराबर छ। अद्यावधिक बेरुजु गतवर्षको भन्दा नौ दशमलव ४५ प्रतिशतले बढेको छ ।

त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुंगो लगाउनुपर्ने रकम पाँच खर्ब ५१ अर्ब एक करोड गरी हालसम्मको बेरुजु १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगिसकेको छ । प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्र ९१ अर्ब ५९ करोड ७९ लाख बराबर बेरुजु थपिएको छ ।

कार्यक्रममा शून्य बेरुजु कायम गर्न सफल काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिकालाई सम्मानित गरिएको थियो । न्यून बेरुजु रहेका प्रत्येक प्रदेशबाट एउटा पालिका र उत्कृष्ट कर्मचारीलाई पनि पुरस्कृत गरिएको थियो ।

# ‘नबिल सस्टेनेबल बैंकिङ’ पाँचौं वर्षमा प्रवेश

**काठमाडौं/मस** – नबिल बैंकको ‘नबिल सस्टेनेबल बैंकिङ’ पाँचौं वर्षमा प्रवेश गरेको छ । चौथो वार्षिकोत्सवका अवसरमा असार १५ देखि २१ गतेसम्म बैंकले ‘नबिल ग्रीन विक’ मनाउन लागेको हो । नबिल ग्रीन विकमा विभिन्न क्षेत्रका प्रतिनिधिको सहभागितामा दिगोपना विषयमा केन्द्रित कार्यक्रम आयोजना गरिनेछन् । साताव्यापी सञ्चालन हुने नबिल ग्रीन विकअन्तर्गत आयोजना हुने वेबनार श्रृंखलामा नबिल बैंकका विज्ञसहित जिआइजेड नेपाल, सिम्पल इनर्जी प्रालि, विवाइडी, सिजी मोटर्सलगायतका प्रतिनिधिका साथै वातावरण, समाज तथा सुशासनसँग सम्बन्धित विज्ञ तथा कृषि क्षेत्रका जानकारहरू सहभागी हुने बैंकले जनाएको छ ।




उक्त कार्यक्रमले सोलार रुफटप सोलुसन, विद्युतीय सवारी साधन र दिगो कृषिका साथै वातावरण, समाज र शासनमा लगानीका विषयमा छलफल तथा ज्ञान आदानप्रदानमार्फत् एकअर्कालाई जोड्ने उद्देश्य लिएको छ ।

# ग्लोबल आइएमईले ल्यायो ‘धान खेती कर्जा’

**काठमाडौं/मस**- ग्लोबल आइएमई बैंक लिमिटेडले राष्ट्रिय धान दिवसको अवसरमा धान खेती कर्जा सार्वजनिक गरेको छ। नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा मुलुकलाई आगामी २ वर्षमा धानमा आत्मनिर्भर बनाउन लिएको रणनीतिलाई सहयोग पुऱ्याउने उद्देश्यले बैंकले धान खेती कर्जा सार्वजनिक गरेको जनाएको हो ।




यस योजना अन्तर्गत कृषकले धानको बिउ, रासायनिक तथा जैविक मल, कृषि उपकरणहरू तथा अन्य आवश्यक कृषि सामग्रीहरू खरिद गर्न बैंकबाट २० लाख रूपैयाँसम्म कर्जा पाउनेछन् । खेतीयोग्य जमिनको सदुपयोग गर्न धान खेती गरी कृषकको आम्दानी बढाई कृषि पेशालाई मर्यादित र व्यावसायिक बनाइ कृषकहरूलाई प्रोत्साहन गर्नको लागि यो कर्जा योजना सार्वजनिक गरिएको बैंकले जनाएको छ । साथै, राष्ट्रिय धान दिवसको अवसरमा बैंकले टोखा नगरपालिका वडा नं. १, राधा कृष्ण मन्दिर नजिकै रहेको फाँटमा बैंकका कर्मचारी तथा स्थानीयको सहभागितामा धान रोपाइँ आयोजना गरेको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीसहित बैंकका कर्मचारी तथा स्थानीयहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले नेपाल सरकारको रणनीति अनुसार धानको उत्पादन वृद्धि गर्न, कृषिको आधुनिकीरण तथा व्यवसायीकरण गरी कृषकको मनोबल वृद्धि गर्न बैंकले यस प्रकारका कार्यक्रमहरू आयोजना गर्ने गरेको उल्लेख गरे । साथै, उनले बैंकले शनिबार सार्वजनिक गरेको धान खेती कर्जाले पनि कृषकहरूलाई धान खेती गर्न प्रोत्साहित गर्ने र धानको उत्पादन वृद्धिमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे ।


## प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## जिल्ला अस्पताल संखुवासभा
**खाँदबारी, कोशी प्रदेश, नेपाल**

## करार सेवामा कर्मचारी नियुक्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१६)**

यस अस्पतालमा देहाय बमोजिमका पदमा खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा कर्मचारी नियुक्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएकोले मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तोके बमोजिमको ढाँचामा दरखास्त पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक पदः**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६/०८१/८२ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | नवौं तह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| २ | ७/०८१/८२ | मेडिकल अधिकृत | आठौं तह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| ३ | ८/०८१/८२ | हेल्थ असिष्टेण्ट | पाँचौं तह | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| ४ | ९/०८१/८२ | स्टाफ नर्स | पाँचौं तह | ३ (तीन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । |

**२. दरखास्त साथ संलग्न हुनुपर्ने विवरणः**
क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
ख) आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।
ग) नेपाल मेडिकल काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
घ) हालसालै खिचेको २ प्रति पासपोर्ट साइज फोटो ।

**३. आवेदन दस्तुरः** नवौ तह रु. २०००/-, आठौ तह रु.१५००/-, पाँचौ तह रु.७००/- मात्र ।

**४. उमेर १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।**

**५. अनुभवः** समान पद तथा माथिल्लो पदको कार्य अनुभव तथा शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिइनेछ ।

**६. पारिश्रमिक तथा सेवा सुविधाः** वि.नः ६/०८१/८२ को हकमा मासिक रु. २,५०,०००/ - (थप अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार) र अन्य वि.न ७ / ८/९/०८१/८२ को लागि अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ ।

**७. परीक्षाको किसिमः** लिखित (सेवा सम्बन्धी वस्तुगत) तथा अन्तरवार्ता ।
- दरखास्त फारम पाउने र बुझाउने स्थानः जिल्ला अस्पताल संखुवासभा प्रशासन फाँट/Online Website: sankhuwasabhahospital.gov.np (सम्पर्क नं.: ९८५२०७४१८८)
- दरखास्त बुझाउने अन्तिम मितिः २०८२/०३/२२ गते कार्यालय समय भित्र ।
- सम्पर्क मितिः २०८२/०३/२३ गते
- परीक्षा सञ्चालन मितिः सम्पर्क मितिमा तोकिने छ ।

**मेडिकल सुपरिटेंडेंट**



## विष्णु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सिमरा, सर्लाही**
**२०७३**

## बोलपत्र रद्द गरिएको सूचना

**सूचना प्रकाशन मितिः २०८२/०३/१६**

यस गाउँपालिकाको मिति २०८१/११/२८ गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को e-GP Portal मार्फत बोलपत्र आह्वान गरिएको तथा मिति २०८२/०२/१५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र स्वीकृति सम्बन्धी सूचनामा प्रकाशित भएका तपसिलका निर्माण कार्यको ठेक्काहरु मिति २०८२/०३/१५ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा २ बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण |
|---|---|---|
| १ | BRM/NCB/ WORKS/1/2081-82 | Constructions of School Building (Janata Tej Narayan Dayawati Ma.Vi., Ma.Vi. Madhuwan,Pra. bi. pakadigoth and Pra. bi.Baraudhoran) |
| २ | BRM/NCB/ WORKS/2/2081-82 | Bridhashram Bhawan Nirman ko Apug thap bhawan tatha Compoundwall Nirman, Bishnu-6 |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**